# सुशासन

## १. पृष्ठभूमिः

राज्य व्यवस्था सञ्चालन र विकास कार्यको व्यवस्थापनमा पारदर्शिता, जनसहभागिता र जवाफदेहिता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई पुर्वानुमानयोग्य र विधिसम्मत तवरले सञ्चालन गरी प्रभावकारी रुपमा जनसाधारणलाई सुशासनको प्रत्याभुति दिन सकेमा मात्र मुलुकको बहुआयामिक विकासले गति लिन सक्ने कुरा राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुभववाट सिद्ध भएको छ ।

सरकार, निजि क्षेत्र, स्थानीय निकाय, सार्वजनिक संघ संस्थाहरु, गैर सरकारी संघ संस्था, नागरिक समाजको समग्र क्रियाकलाप तथा सेवा प्रवाहलाई समन्वयात्मक रुपमा परिचालित गर्दै यस्ता निकायहरुवाट नागरिकलाई प्रवाह गरिने सेवा, सुविधामा समय, गुण र लागतका आधारमा मापन गरी तथा त्यस्तो सेवा सुविधामा राज्यवाट निर्वाह हुनुपर्ने भूमिका, नागरिकको सुरक्षाको प्रत्याभूति, जवाफदेहिता, पारदर्शिता र प्रभावकारीताको व्यवस्थावाट नै सुशासन प्रवर्द्धन हुने अपेक्षा राख्न सकिन्छ ।

सरकारी, गैरसरकारी, निजी क्षेत्र लगायत सवै सेवा प्रदायक निकाय एवं व्यक्तिहरुबाट नागरिकलाई दिने प्रशासनिक, न्यायिक, सुरक्षा सम्बन्धि लगायत सवै प्रकारका सेवा र सुविधालाई पारदर्शी, जनसहभागितामूलक, विधिसम्मत र जवाफदेहीपूर्ण तवरले प्रवाह हुन सके मात्र जनताले सुशासनको अनुभूति गर्न सक्छन् । नागरिक प्रशासनको प्रमुख कार्य क्षेत्र राष्ट्रिय श्रोत साधनको संरक्षण, परिचालन र व्यवस्थापनका साथै जनआकांक्षा अनुरुपको सेवा प्रवाहको सुनिश्चितता हो । सेवा, सुविधा, उत्तरदायित्व, जवाफदेहिता, कामलाई पन्छाउने प्रवृतिको अन्त्य, राजनितिक स्थिरता, र हिंसा रहित अवस्था, सरकारको नागरिक समक्ष पहुंच, नियामक गुण, विधि र प्रकृयासम्मत शासन, सदाचार, लगनशिलता, भ्रष्टाचार नियन्त्रण जस्ता शासन व्यवस्थामा प्रभावकारिता मापनका सूचकहरु तर्फ नागरिक प्रशासन, सुरक्षा निकाय एवं न्यायालयलाई परिचालित र स्वचालित वनाउनु पर्ने चुनौती रहेको छ ।

नीति निर्माण तहदेखि नै सुशासनका आधारहरु तय गर्न र नीतिगत अस्थिरता, काममा हुने दोहोरोपन एवं प्रकृयागत ढिलासुस्ती हटाई कार्यान्वयनलाई प्रभावकारी वनाउन व्यवस्थापिका संसद र यसका समितिहरु तथा मन्त्रीपरिषद् बीच उचित समन्वय र सुधारको आवश्यकता देखिएको छ ।

सेवाग्राहीको सन्तुष्टी नै हाम्रो अभियान भएकोले सेवा प्रवाहमा संलग्न हुने निकाय एवं व्यक्तिको प्रभावकारितालाई सेवाग्राहीको सन्तुष्टीसँग आबद्ध गर्नुपर्ने हुन्छ । यसको लागि सेवा प्रदायकको जनमुखी सोंच, शैली र व्यवहार पहिलो शर्त हो । तालिम प्रदायक निकायलाई अनुसन्धानमुलक वनाई कर्मचारीहरुलाई तालिम प्राप्त अनुभवी र व्यवसायिक बनाउदै मानव संशाधनको विकास मार्फत सुशासन कायम गर्नु जरुरी छ । यसैगरी देशमा सुशासन कायम गर्न न्याय प्रशासनलाई स्वच्छ, समयानुकुल, पारदर्शि र सर्वसुलभ वनाई जनतामा न्याय प्रणालीप्रति अझ बढी विश्वास जगाउनु पर्ने आवश्यकता छ । यसका साथै प्रहरी, सवै सुरक्षा निकाय र सो सँग सम्वन्धित कामकारवाहीलाई चुस्त, दुरुस्त र पुर्ण क्रियाशिल तुल्याउँदा अपराध घट्न गई जनतामा सुरक्षाको अनुभुति हुन्छ । प्रशासनिक, न्यायिक तथा सुरक्षा निकायहरुको कामकारवाहीको समुचित र समन्वयात्मक व्यवस्थापन हुंदाको अवस्थामा मात्र राज्यले प्रदान गर्ने सेवाको गुणस्तरीयता अभिबृद्धि हुन्छ । त्यस्तै सुशासनको लागि गैरसरकारी, निजी एवं सार्वजनिक संस्थानबाट जनतामा प्रवाह गरिने सेवाको गुणस्तरमा वृद्धि गर्न पनि उत्तिकै आवश्यक छ । वस्तुतः सुशासन राज्य प्रणालीभित्र समाहित समग्र संयन्त्रहरुवाट समन्वयात्मक रुपमा प्रदान गरिने सेवा प्रवाहको गुणस्तरियतासंग सम्बन्धित छ । राज्यबाट प्रदान गरिने सेवालाइ जनआकांक्षा अनुरुप स्तरीय, भरपर्दो, विश्वसनीय, छिटो छरितो र अनुभुति योग्य बनाउन सूचना प्रविधिको उपयोग त्यत्तिकै आवश्यक छ । सूचना प्रविधिको उपयोग मार्फत कागज रहित सरकारको अभियान साकार पार्न विद्युतीय शासन पद्धतिको अवलम्बन गर्दै जानुपर्ने कुरालाई त्यत्तिकै महत्व दिनुपर्ने जरुरी भैसकेको छ ।

## २. अध्यावधिक स्थितिको समीक्षाः

नेपालको अन्तरिम संविधान २०६३ अनुसार सुशासन कायम गर्ने राज्यको दायित्व हो तसर्थ राज्यका विभिन्न संयन्त्रहरु आ-आफ्नो स्वीकृत नीति र कार्यक्रम कार्यान्वयनमा क्रियाशिल छन् । प्रशासनिक क्षेत्रमा आवश्यक सुधार गरेर जनतालाई सुशासनको प्रत्याभुति दिदै सेवा प्रवाहलाई प्रभावकारी वनाउन आवश्यक छ । प्रस्तुत सन्दर्भमा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४, सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५, निजामती सेवा ऐन २०४९, स्थानीय स्वायत्त शासन ऐन २०५५, भ्रष्टाचार निवारण ऐन २०५९, सार्वजनिक खरिद ऐन २०६३, र सुचनाको हक सम्वन्धि ऐन २०६३, सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका २०६५, सेवा केन्द्र स्थापना तथा संचालन सम्वन्धि कार्यविधि २०६५, सेवा अभियान संचालन निर्देशिका २०६५, समेतका ऐन कानूनको

तर्जुमा र कार्यान्वयन तथा भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्य योजना २०६५, को कार्यान्वयनका माध्यमवाट सुशासनका आधारभुत सिद्धान्त तथा मान्यताहरुलाई व्यवहारमा उतार्ने प्रयासहरु हुदै आएको छ ।
न्याय सम्वन्धि दायित्वलाई सक्षम र सहज ढंगले निर्वाह गरी जनविश्वास बढाउदै लैजान सक्ने न्यायपालिकाको निर्माण गर्ने बृहत उद्देश्यले न्यायपालिकाको दोश्रो पंचवर्षीय रणनीतिक योजना (२०६६/०६७-२०७०/०७१) लागू भएको छ । न्यायाधीशको आचारसंहिता २०६५, लागू भएको छ । दण्डहीनताको अन्त्यको लागि न्याय परिषद समेत सकिय छ । लोक सेवा आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिलाई समयानुकुल बनाउन लोकसेवा आयोग ऐन २०६६, लागू भइसकेको छ । ऐतिहासिक संविधानसभाको निर्वाचन सम्पन्न भएपश्चात् निर्वाचन आयोगबाट ५ (पाँच) बर्षे रणनीतिक योजना (२०६५-०७०) स्वीकृत गरी मतदाता दर्ता र पहिचान गर्ने प्रकृयामा सुधारका लाागि फोटो सहितको मतदाता तयार गर्ने कार्य भैरहेको छ । शान्ती सुरक्षालाई थप सुदृढ गर्न र सुरक्षा निकायको संस्थागत सुधारको लागि विषेश सुरक्षा योजनाको सुरुवात भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३ वर्षे रणनीति अनुसार भ्रष्टाचार नियन्त्रणको कार्यविधि तयार गरी कायान्वयनमा छ । महालेखा परिक्षकको विभाग, सतर्कता केन्द्र र राजश्व अनुसन्धान विभागको सुदृढीकरण र संस्थागत सुधार गर्ने कार्य जारी छ । राष्ट्रसेवकहरुको सम्पत्तिको अभिलेखलाई वैज्ञानिक ढंगले व्यवस्थित गर्ने, राजश्व चुहावट नियन्त्रण गर्ने र सम्पत्ति शुद्धिकरण निवारण सम्वन्धी कानूनको कार्यान्वयन गरी वित्तिय अनुशासन कायम गर्ने प्रयास भैरहेको छ । वेरुजु फस्यौटलाई कार्यसम्पादन मूल्याङ्कन र सरुवासंग आवद्ध गर्ने सम्वन्धी व्यवस्थालाई अघि वढाइएको छ । जनगुनासो व्यवस्थापन निर्देशिका २०६६, अनुसार गुनासो, माग वा सुझावहरुको कार्यान्वयनको सुरुवात भैसकेको छ । सार्वजनिक सुनुवाई र प्रवक्ता एवं संचार माध्यम विचको अन्तरकृयाले सुसुचित हुने अधिकारलाई स्थापित गरेको छ । उपभोक्ता सर्भेक्षण फाराम मार्फत उपभोक्ताको सन्तुष्टीको मापन गरी वस्तु र सेवा प्रवाहको स्तर र गुणस्तर परिक्षणको कार्य प्रारम्भ भएकोछ । घरेलु हिंसा (कसुर र सजायं) ऐन २०६६, र सामाजिक सुरक्षा कार्यान्वयन निर्देशिका २०६५, लागु भएकोछ । सुशासन कायम गर्न सक्षम केन्द्रिय कर्मचारी प्रशासन ईकाईको आवश्यकता पर्ने हुनाले सामान्य प्रशासन मन्त्रालयलाई मानव संसाधन व्यवस्थापन मन्त्रालयमा रुपान्तरण गर्ने प्रकृयालाई अघि वढाइएकोछ । निजामती कर्मचारीहरुको मनोवन र उत्प्रेरणालाई अभिवृद्धि गर्न महंगी भत्ताको व्यवस्था र तालीम, अध्ययन छात्रवृत्ति, पुरस्कारको अवसरहरु यथासम्भव उपलव्ध गराइएकोछ । वृत्ति विकास र वढुवा व्यवस्थापनलाई महत्व दिइएको छ । नि.से.नि.को आठौं संशोधनले पुरस्कारको संख्यामा वृद्धि र कर्मचारीको परिवारलाई समेत थप आर्थिक सहायताको व्यवस्था गरेकोछ । निजामती अस्पतालमा निजामती कर्मचारी र निजको परिवारलाई विषेश छुटको व्यवस्था, कर्मचारी कल्याण कोष, कर्मचारी आवास गृह र स्वास्थ्य विमाको अवधारणा जस्ता कल्याणकारी कामहरु प्रारम्भ भएका छन् । छरितो संगठन संरचनाको लागि विशेष सुविधा सहितको स्वेच्छिक अवकास योजना सम्पन्न भैसकेकोछ । नियमित र आकस्मीक व्यवस्थापन परिक्षणको कार्यहरु भएका छन् । निजामती किताबखानाको अभिलेखलाई विद्युतीय सूचना प्रणालीद्धारा विभिन्न निकायहरुसंग सूचना संजालको विस्तार गर्ने कार्यको सुरुवात भैसकेको छ ।

**३. दीर्घकालिन सोच**

राष्ट्रनिर्माण र दिगो विकासको प्रकृयामा टेवा पुऱ्याउनका लागि राजनैतिक दल, प्रशासन यन्त्र, न्यायीक क्षेत्र र सवै सुरक्षा निकायका काम कारवाहीलाई परिणाममुखी, उत्तरदायी, जवाफदेही, पारदर्शी र सक्षम एवम् विश्वासनीय वनाई भ्रष्टाचार र दण्डहिनताको अन्त्य गर्दै सुशासन कायम गर्ने दीर्घकालिन सोच प्रस्तुत योजनाले राखेको छ ।

**४. समस्या, चुनौती र अवसरहरुः**

**४.१ समस्याः**

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन तथा नियमावली, सरकारी कार्य सरलीकरण निर्देशिका, भष्ट्राचार विरुद्धको रणनीति तथा सो को कार्य योजनाको तयारी तथा कार्यान्वयन, नागरिक वडापत्र तथा सार्वजनिक सुनुवाईका माध्यमवाट केही सकारात्मक परिवर्तनहरु देखा परेको छन् । तर स्थानीय तहमा रहेको सुरक्षाका सवाल, द्वन्द्वरत स्थानमा कर्मचारीको अभाव, निर्वाचित स्थानीय निकायको अभावले गर्दा क्रियाकलाप तथा काम कारवाहीमा पारदर्शितालाई अभिवृद्धि गर्न समस्या परिरहेको छ । त्यसै गरी सेवा प्रदायक निकायमा कार्यरत व्यक्तिहरुमा सकारात्मक सोंचको कमी, समस्या समाधान तर्फ उन्मुखताको अभाव तथा उनीहरुका सोचलाई परिवर्तन गर्न नसकिनु पनि समस्याको रुपमा रहेको छ । अन्तर मन्त्रालय तथा अन्तर निकायवीच समन्वयको अभावले गर्दा नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा तिव्रता आउन सकेको छैन । करिव ६ महिनाको छलफल अन्तर्क्रियावाट अन्तिम रुप दिइएको कार्यक्रम र वजेटलाई व्यवस्थापिका संसदको वजेट

वक्तव्य पछि पुनः कार्यक्रमलाई स्वीकृती गर्नुपर्ने व्यवस्थाले गर्दा कार्यक्रम वजेट नभई वजेट कार्यक्रमको स्थिति सिर्जना भै सम्पूर्ण कार्यक्रम संचालनमा असर पर्न गै सुशासन अभिवृद्धिमा समस्या देखा पर्दै गएको छ । परिलक्षियत लक्ष्य र उद्देश्यहरु हासिल भए नभएको मापन गर्न आवश्यक मापदण्ड र सूचकहरुको अपर्याप्त, कार्यक्रमहरुको प्रभावकारी ढंगले छनौट तथा प्राथमिकीकरण नगरिनु एवं कार्यान्वयनको लागि पर्याप्त गृहकार्य हुन नसक्नु, कार्यान्वयनको अनुगमन एवं मूल्याङ्कन प्रणाली प्रभावकारी तथा सहभागीमूलक हुन नसक्नु, विकास कार्यक्रम तथा आयोजनाका कर्मचारीहरुको छिटो छिटो सरुवा हुनु, प्रत्येक काम कारवाहीमा अति राजनीतिकरण हुनु, कर्मचारी भर्ना प्रक्रिया तथा पाठ्यक्रमलाई परिमार्जित गरी कार्यान्वयन योग्य वनाउन नसक्नु, तालिम तथा मानवश्रोत विकासका कार्यक्रमहरुलाई समन्वित तथा एकिकृत रुपमा संचालन गर्न नसक्नु जस्ता समस्याहरुले सुशासनको सुनिश्चितता तथा यसको अभिवृद्धिमा वाधा पुगेको छ ।

### ४.२. चुनौती

सुशासनलाई दैनिक जीवनको अभिन्न अंग तथा पद्धति (System) को रुपमा त्यस संग सम्वन्धित निकाय तथा व्यक्तिहरुवाट अंगाल्नु नै व्यवहारिक रुपमा सुशासनको सुनिश्चितता मानिन्छ । अन्तरिम संविधानवाट पनि यस्तै परिकल्पना गरिएको सन्दर्भमा व्यवस्थापिका, कार्यपालिका र न्यायापालिका लगायतका सवै संवैधानिक निकायहरुवीच समन्वय र कार्यान्वयनमा थप सक्रियताको आवश्यकता महशुस गरिएको सन्दर्भमा अन्तरिम संविधानले परिकल्पना गरे वमोजिम सुशासनको स्थिति सिर्जना गर्नु चुनौती पूर्ण हुन गएको छ ।

### ४.३. अवसर

नागरिक/जनता, समग्र प्रशासन र सुरक्षा निकायमा रहेको परम्परागत सोंचको समस्या (Attitudional problem) वाट त्यसमा सुधार गर्नुपर्छ भन्ने अनुभूति सबैं सेवा प्रदायक निकाय भित्र तथा वाहिर पनि महशुस हुंदै गएको सन्दर्भमा सुधार हुन सक्ने अवस्था र वातावरण सिर्जना भएको छ । प्रशासनलाई समावेशी एवं जनमुखि वनाउन सकिने सैद्धान्तिक तथा व्यवहारिक आधारहरु वनेका छन् । प्रशासनमा नवीन अवसरहरुको विकास, सञ्चार र प्रविधिलाई सुशासन अभिवृद्धिमा प्रयोग गर्न सकिने अवसरहरु प्राप्त भएको सन्दर्भमा सवै क्षेत्रलाई उत्तरदायि, समावेशी, सहभागिमूलक र प्रतिनिधिमुलक वनाउने अवसर प्राप्त भएको छ ।

## ५. उद्देश्यहरुः

१. सार्वजनिक नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकनको कार्यलाई प्रभावकारी बनाई राजनैतिक दलहरुका क्रियाकलापहरुमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी राजनैतिक दलहरु, सार्वजनिक प्रशासन, न्याय प्रशासन, सवै सुरक्षा निकायलाई स्वच्छ, पारदर्शी, परिणाममुखी, समावेशी, जनमुखी एवम् संघीयता, सेवामुलक, विकेन्द्रिकरण तथा सार्वजनिक प्रशासनको क्षेत्रमा आएका नयाँ मूल्य र मान्यताहरुलाई आत्मसात गरी जुनसुकै प्रकारका चुनौतिहरुको सामना गर्न सक्ने तुल्याउने ।

२. नागरिक प्रशासनका क्षेत्रमा नागरिक सेवा सुविधालाई अधिकारका रुपमा स्थापित गराउदै सार्वजनिक सेवामा सेवाग्राही जनताको ईच्छालाई सर्वोपरि प्राथमिकता दिन सरल, सुलभ, चुस्त, गुणस्तरीय, सहभागितामूलक र पुर्वानुमान योग्य सेवा प्रवाहमा जोड दिने ।

३. सवै किसिमका भ्रष्टाचारजन्य क्रियाकलापहरुको नियन्त्रण, दण्डहिनताको अन्त्य र मानव अधिकारको संरक्षण, सम्वर्धन र परिपालन गर्दै नैतिकवान्, सुसंस्कृत र मानव अधिकार मैत्री समाजको निर्माण गर्ने ।

## ६. रणनीतिहरुः

### ६.१ उद्देश्य नं. १ संग सम्वन्धित

६.१.१ राजनीतिक क्षेत्र र प्रशासनिक क्षेत्रवीचको सम्वन्धलाई स्पष्ट रुपले परिभाषित गरी प्रशासनिक प्रक्रिया र कार्यलाई स्वच्छ ,सरल, छिटो छरितो पारदर्शि, सहभागितामूलक पुर्वानुमानयोग्य बनाएर जनताले सुशासनको अनुभुति गर्ने अवस्थाको श्रृजना गर्नका लागि आवश्यक कानुनी र संस्थागत सुधार कसरी गर्ने आधार तयार गर्ने ।

६.१.२ सम्पुर्ण वर्ग र समुदायका योग्य तथा ईच्छुक व्यक्तिहरुलाई सेवा प्रवेशका लागि समान अवसरहरु उपलव्ध गराउने व्यवस्था मिलाएर सार्वजनिक सेवालाई समावेशी वनाउने ।

६.१.३. सार्वजनिक नीतिको तर्जुमा ,कार्यान्वयन र मूल्यांकन प्रक्रियालाई प्रभावकारी बनाउनका निम्ति प्रशासनिक क्षमताको विकास गर्ने ।

६.१.४. कर्मचारीको कामको मुल्यांकनलाइ वस्तुगत वनाएर कर्मचारीलाई कामका आधारमा दण्ड र पुरस्कार दिने नीतिको कार्यान्वयनलाई प्रभावकारी वनाउने ।

६.१.५ कर्मचारीको नियुक्ति, पदस्थापन सरुवा, वढुवा तथा तलव सुविधाको निर्धारण समेतका मानव श्रोत व्यवस्थापनका विभिन्न पक्षहरुलाई पुर्वानुमान योग्य ,विधिसम्मत उत्प्रेरणाका आधारभुत मान्यता अनुरुप वनाउनका लागि आवश्यक सुधार गर्ने ।

६.१.६. राजनीतिक दलहरुको आर्थिक क्रियाकलाप पारदर्शी वनाइनेछ ।

**६.२ उद्देश्य नं.२ संग सम्वन्धित**

६.२.१.सुरक्षा र न्यायसंग सम्वन्धित सवै निकायलाई व्यवसायीक, निष्पक्ष विधीसम्मत सेवा र न्याय दिने कार्यमा सक्षम, उत्प्रेरीत प्रभावकारी वनाई जनतालाई दिएको सेवाको विश्वासनीयतामा अभिवृद्धि गर्ने गरी छिटो छरितो सेवा प्रदान गरिनेछ ।

६.२.२ नागरिक प्रशासनका सवै निकायहरुवाट प्रदान हुने सेवालाई व्यवसायीक रुपमा अगाडी वढाउन सार्वजनिक सेवा प्रवाहमा एकरुपता, विश्वासनीयता र विधिसम्मत प्रकृया मार्फत कार्य संस्कृति र कार्य प्रणालीको विकास मार्फत जनताका सेवा र जनताको घर घरमा पुऱ्याउने परीपाटीको थालनी गरिनेछ ।

६.२.३. सरकारका सवै निकायहरुवाट प्रवाह गरिने सेवालाई सुरक्षा जस्ता विषय तथ्यांकमा आवद्ध गर्न Net Working गर्दै एकीकृत तथ्यांक प्रणालीको विकास गरिनेछ । यसवाट समाजमा हुने वेथितिलाई सूचनामार्फत नियन्त्रण गरी Information system मा जोड दिईनेछ ।

६.२.४ कागज रहित सरकारको निर्माण र सन्चालन गर्ने दीर्घकालिन उदेश्य लिएर प्रशासनिक निकायहरुको कामकारवाहीमा विद्युतीय शासन पद्धतिका प्रकृयाहरु क्रमशः प्रयोग गरिनेछ ।

६.२.५सर्वसाधारण जनताको सवभन्दा नजिकको निकायले गर्न सक्ने काम सोही निकायले गर्न पाउने गरी प्रशासनिक अधिकारको प्रत्यायोजन (निक्षेपण) गर्ने ।

६.२.६. प्रशासनिक एवम विकास कार्यहरुको अनुगमन तथा मूल्यांकन प्रकृयालाई परिणाममुखी र प्रभावकारी वनाउने ।

६.२.७ सार्वजनिक सेवा र वस्तुको गुणस्तर निर्धारण, उत्पादन र वितरणको कार्यमा संलग्न निजी, सहकारी एवं गैर सरकारी र नागरिक समाजका संस्थाहरुको नियमन, अनुगमन तथा क्षमता विकास गर्ने

६.२.८. सार्वजनिक निर्माण र सार्वजनिक सेवा प्रदान गर्ने कार्यलाई व्यवस्थित, प्रतिस्पर्धी पारदर्शी र उत्तरदायी वनाइने ।

६.२.९.स्थानीय निकायहरुलाई सुदृढ र पारदर्शी वनाई यी निकायहरुमा कामलाई जनमुखी, उत्तरदायी र विकासमूलक वनाइनेछ ।

**६.३ उद्देश्य नं.३ संग सम्वन्धित**

६.३.१ मानव अधिकार, अन्तराष्ट्रिय सन्धि सम्झौता ,संविधानको संरक्षण, सम्वर्द्धन र सम्मान हुने कार्य प्रकृति र संस्कृतिको विकास मार्फत नागरिक प्रशासनलाई अन्तराष्ट्रिय प्रतिवद्धताका विषयमा जोड दिईनेछ ।

६.३.२. भ्रष्टाचार विरुद्धको मौजुदा नीति र कानूनमा समसामयिक सुधार गरी प्रभावकारी कार्यान्वयन एवम् संस्थागत क्षमताको अभिवृद्धि गरिनेछ ।

६.३.३. भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय महासन्धि मार्फत अन्तराष्ट्रिय समुदायले व्यक्त गरेको प्रविद्धता अनुरुप हुने गरि भ्रष्टाचार नियन्त्रण सम्वन्धि कानूनी व्यवस्था र प्रशासनिक संरचनाको सुदृढीकरण र सुधार गर्ने ।

**७. कार्यनीतिहरु**

**रणनीति नं.६.१.१ संग सम्वन्धित**

१.सार्वजनिक निकायसंग सम्वन्धित पदाधिकारी र प्रशासनिक पदाधिकारीहरुको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पार्नका निम्ति विद्यमान कानूनी व्यवस्थामा सुधार गरिनेछ ।

२. राजनीति र प्रशासन क्षेत्रको सम्वन्धलाई सुमधुर वनाउन आवश्यक कार्यक्रम सन्चालन गरिनेछ ।

३.आफ्नो जवाफदेहिता नभएको काम कारवाहिमा संलग्न हुनेलाई आचार संहिता उल्लंघन गरेको मानी कारवाही हुने व्यवस्था गरिनेछ ।

**रणनीति नं. ६.१.२ संग सम्वन्धित**

१. सवै वर्ग, क्षेत्र समुदायका ईच्छुक र योग्य मानीसहरुलाई सार्वजनिक सेवामा प्रवेशका अवसरहरु उपलव्ध गराउने गरी कानूनी व्यवस्थामा आवश्यक सुधार गरिनेछ ।

**रणनीति नं. ६.१.३ संग सम्वन्धित**

१. सार्वजनिक निकायका कर्मचारीहरुलाई उपलव्ध गराईने र प्रदान गरिने तालिम र अध्ययनका अवसरहरुलाई वृद्धि गरी वितरण व्यवस्था पारदर्शि वनाईनेछ ।

२. सार्वजनिक निकायका पदाधिकारीहरुलाई प्रशिक्षण दिने संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

**रणनीति नं. ६.१.४ संग सम्वन्धित**

१. निजामती कर्मचारीहरुको कार्य सम्पादनको मुल्यांकन मापनीय सुचकका आधारमा गर्नका निम्ति मुल्यांकनका उपयुक्त सुचकहरुको पहिचान गरि मुल्यांकनलाई पुर्वानुमान योग्य वनाईनेछ ।

**रणनीति नं. ६.१.५ संग सम्वन्धित**

१. कर्मचारीको मनोवल उंचो राख्न उनीहरुलाई काम प्रति उत्प्रेरित वनाउनका निम्ति मुल्यवृद्धिको अनुपातमा कर्मचारीको तलव सुविधामा नियमित रुपले समायोजन हुने व्यवस्था मिलाइने छ ।

२. कर्मचारीको पदस्थापन, वढुवा र सरुवा सम्वन्धि विद्यमान व्यवस्थाको सुधार गरेर पुर्वानुमान योग्य वनाईनेछ ।

३. नागरिक प्रशासनलाई आकर्षक, समर्पित सेवाको रुपमा विकास गर्दै लगिनेछ । यसका लागि हालको सामान्य प्रशासन मन्त्रालयलाई मानव संसाधन व्यवस्थापन मन्त्रालयका रुपमा रुपान्तरण गर्दै विशेष कार्यक्रम मार्फत विकास गरिनेछ ।

४. जनशक्ति विकास सम्वन्धमा तालीम कार्यक्रमका लागि तालिमको उपयुक्त विषय, तालिम लिने लक्षित जनशक्ति छनोट र तालिम दिने विधि र संरचनाहरुको छनोट गरी योजना अवधि भित्र प्रत्येक कर्मचारीलाई दक्ष वनाईनेछ ।

**रणनीति नं. ६.२.१ संग सम्वन्धित**

१. न्यायीक निकाय उवं संस्थाहरुको सुदृढीकरण गरी न्याय प्रशासनलाई सक्षम, सर्वसुलभ र छिटो-छरितो वनाईनेछ ।

२. जनतालाई सुरक्षाको अनुभुति दिलाउन सुरक्षासंग सम्वन्धित निकायहरुको काम कारवाहीलाई चुस्त, दुरुस्त र पुर्ण क्रियाशिल तुल्याईनेछ ।

**रणनीति नं. ६.२.२ संग सम्वन्धित**

१.सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा संलग्न निकायका कर्मचारीको क्षमता र कार्य व्यवहारमा सुधार गरिनेछ ।

२.सवै स्थानका जनताहरुलाई सार्वजनिक सेवा सुलभ ढंगले प्राप्त हुने अवस्था सुनिश्चित गर्न सेवा केन्द्रको स्थापना गर्ने लगायतका कार्यक्रमको संचालन गरिनेछ ।

३.सम्वन्धित निकायका प्रमुखलाई नै आवश्यक अधिकार प्रदान गरी कामको परिणाम प्रति जवाफदेही वनाईनेछ ।

**रणनीति नं. ६.२.३ संग सम्वन्धित**

१. नागरिक प्रशासनका क्षेत्रमा E-Governance मार्फत सूचना र सवै निकायमा Net Working गरिनेछ ।

**रणनीति नं. ६.२.४ संग सम्वन्धित**

१.सरकारी कामकाजमा विद्युतीय शासनका प्रक्रियाहरुको प्रयोग वढाउन आवश्यक कार्य निर्देशिकाहरु बनाई लागु गरिनेछ ।

**रणनीति नं. ६.२.५ संग सम्वन्धित**

१. सार्वजनिक सेवा प्रवाहको प्रक्रियालाई पारदर्शि, स्पष्ट र विधिसम्मत वनाउन सेवा प्रवाह निर्देशिकाहरुको तर्जुमा , परिमार्जन र कार्यान्वयन गरिनेछ ।

२. प्रशासनिक निकायको काम कारवाहीलाई प्रभावकारी वनाउन संगठनात्मक संरचना, दरवन्दिको पुनरावलोकन र सुधार गरिनेछ ।

३. प्रशासनिक कार्यविधिको सरलीकरण र संक्षेपीकरण गर्न कार्यविधि सम्वन्धि नीतिगत व्यवस्थामा सुधार गरिने छ ।

**रणनीति नं. ६.२.६ संग सम्वन्धित**

१.शिक्षा ,स्वास्थ्य, कृषी, पशु तथा अन्य सेवा प्रदायक स्थानीय स्तरका संस्थाहरुको वीचमा समन्वय गरी सार्वजनिक सेवा प्रवाह गर्ने काममा स्थानीय निकायको संलग्नता वढाईनेछ ।

**रणनीति नं. ६.२.७ संग सम्वन्धित**

१. विकास कार्यक्रमको प्रगतिको मुल्यांकनमा परिणामले प्राथमिकता पाउने गरी मुल्यांकनका आधारहरुको परिमार्जन गरिनेछ ।

२. विकास कार्यको प्रगतिको मुल्यांकन गर्नका निम्ति प्रयोग गरिने सुचकहरुलाई मापन योग्य वनाईनेछ ।

**रणनीति नं. ६.२.८ संग सम्वन्धित**

१. सार्वजनिक सेवाको प्राप्तिलाई सुनिश्चित वनाउन सेवा प्रवाहको अनुगमनको व्यवस्था प्रभावकारी वनाईनेछ ।

२. सार्वजनिक सेवा र वस्तुको उत्पादन र वितरणमा संलग्न रहने नीजि एवम् गैर सरकारी तथा नागरिक समाजका संस्थाहरुको नियमन, अनुगमन र क्षमता विकास सम्वन्धि नीतिको तर्जुमा तथा आवश्यक संयन्त्रको निर्माण गरिनेछ ।

**रणनीति नं. ६.२.९ संग सम्वन्धित**

१. प्रशासनिक प्रकृया र निर्णयका आधारहरु स्पष्ट र मापनीय वनाइनेछ ।

२. प्रशासनिक कामकारवाहीलाई र निर्णयलाई पारदर्शि वनाउनका निम्ति सूचना प्रणालीलाई प्रभावकारी वनाईनेछ ।

**रणनीति नं. ६.२.१० संग सम्वन्धित**

१.स्थानीय निकायवाट नागरिकलाई उपलव्ध गराउन सकिने सेवा सुविधाहरु स्थानीय निकायवाटै उपलव्ध गराउने गरी स्थानीय निकायको सुदृढीकरण गरिनेछ ।

**रणनीति नं. ६.३.१ संग सम्वन्धित**

१ मुलुकमा मानव अधिकार संस्कृतिको विकास एवम् मानव अधिकारको संरक्षण, सम्वर्धन र परिपालन गर्ने परिपाटीको विकास गरिनेछ ।

२.मानव अधिकार लगायत अन्तराष्ट्रिय सन्धि समझौता अनुरुप हुने गरी विद्यमान कानुनी एवं संस्थागत सुधार गरिनेछ ।

**रणनीति नं. ६.३.२ संग सम्वन्धित**

सार्वजनिक सम्पति एवं साधन श्रोतको अभिलेख प्रणालीमा सुधार गरी व्यवस्थित वनाईनेछ ।

**रणनीति नं. ६.३.३ संग सम्वन्धित**

भ्रष्टाचार सम्वन्धि महासन्धिको भावना अनुरुप भ्रष्टाचार सम्वन्धि कानूनी र संस्थागत व्यवस्थामा सुधार गरिनेछ ।

**८. परिमाणात्मक लक्ष्य**

| क.सं. | कार्यक्रम/विवरण | इकाई | वर्तमान स्थिति | लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | निजामती प्रशासनको संस्थागत क्षमता तथा संरचना सुदृढिकरण गर्ने | | चालु | | |
| २ | विद्युतिय शासन प्रणाली लागु गर्ने | | प्रारम्भिक अवस्थामा रहेको । | सवै केन्द्रीय स्तरका कार्यालयहरु | |
| ३ | निजामती कर्मचारीको कार्यसम्पादन मूल्यांकनमा सुधार | | हाल वैज्ञानिक नभएको | कार्यसम्पादन मूल्यांकन फाराममा संशोधन र परिमार्जन | |
| ४ | निजामती कर्मचारी क्षमता अभिवृद्धिका लागि स्वदेशी एवं वैदेशिक तालिम कार्यक्रम | | चालु | कार्यरत सवैलाई तालिम उपलब्ध गराउने | |
| ५ | अनुगमन तथा मुल्यांकन कार्यक्रम | | चालु | सेवा प्रभावकारिता वृद्धि | |
| ६ | निजामती कर्मचारीका लागि सामाजिक सुरक्षा कार्यक्रमहरु सञ्चालन गर्ने | | चालु | शिक्षा, आवास र स्वास्थ्य कार्यक्रमहरु सञ्चालन | |
| ७ | संघीयतामा निजामती प्रशासनको स्वरुपबारे अध्ययन | | प्रशासन पुनःसंरचना आयोगबाट अध्ययन भईरहेको । | अध्ययन कार्य सम्पन्न | |
| ८ | निजामती कर्मचारी अस्पतालको | | चालु | भौतिक र मानवीय स्रोत | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सुदृढीकरण | | | साधन सम्पन्न गर्ने | |
| ९ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली | | केही निकायहरुमा लागू भएको । | सवै निकायमा लागू गर्ने | |
| १० | नीतिगत तथा कानूनी सुधार | | निरन्तर भैराखेको | समयसापेक्ष सुधार गर्दै जाने | |
| ११ | केन्द्रीय फाईलिङ प्रणाली तथा एकिकृत अभिलेख व्यवस्थापन | | निजामती कितावखाना लगायतबाट भैरहेको | सम्पन्न गर्ने । | |
| १२ | विद्युतीय परिचय पत्र | | प्रारम्भ | सवै निजामती कर्मचारीहरुलाई उपलब्ध गराउने | |
| १३ | साप्ताहिक टिभी रेडियो कार्यक्रम | | नभएको | नियमित सञ्चालन गर्ने | |
| १४ | आचार संहिताको निर्माण | | केही निकायहरुमा निर्माण भएको | सवै निकायमा निर्माण गर्ने | |
| १५ | नागरिक सुनुवाई कार्यक्रम | | हाल सञ्चालन भैरहेको | सवै जिल्ला र स्थानीय स्तरमा विस्तार गर्ने | |
| १६ | क्षतिपूर्ति सहितको नागरिक वडापत्र | | क्षतिपूर्तिको व्यवस्था नभएको | नागरिक वडापत्रमा क्षतिपूर्तिको व्यवस्था समावेश गर्ने । | |

९.  मुख्य-मुख्य कार्यक्रमहरुः

**उद्देश्य १ संग सम्वन्धित**

- निजामती कर्मचारीहरुलाई काममा उत्प्रेरित गर्न तथा निजामती सेवामा प्रतिभावान् व्यक्तिलाई आकर्षण गर्न शिक्षा, स्वास्थ्य, आवास लगायतका कार्यक्रमहरु संचालन गर्दै निजामती कर्मचारीहरुमा सामाजिक सुरक्षा (social securitity) को प्रत्याभूति हुने खालका कार्यक्रमहरु संचालन गरिनेछन् ।
- निजामती कर्मचारीहरुको कार्यकुशलतामा वृद्धि गर्न तथा नयां नयां सीप प्रविधिवाट उनीहरुलाई सक्षम वनाउन सवैलाई तालीम (Training for all) दिने तथा निश्चित अन्तरालमा पुनर्ताजगी तालिम संचालनमा जोड दिइनेछ ।
- निजामती कर्मचारीहरु प्रत्येकले आफ्नो पदमा रहि गर्नुपर्ने कामको कार्य विवरणलाई संघियताको सन्दर्भमा परिमार्जन गर्ने, कार्य सम्पादनलाई कर्मचारीको विकास तथा वृत्ति विकासमा आवद्ध गर्ने, सेवाग्राहीहरुवाट समेत मूल्याङ्कन हुन सक्ने लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- निजामती कर्मचारीहरुको कार्य वातावरण (working Environment) कार्य संस्कृती (working culture) कार्य प्रवृत्ति (Working attitude) लाई सेवाग्राही उन्मुख वनाउने कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली (PBIS) सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।
- निजामती अस्पतालवाट प्रदान हुने  सेवालाई गुणस्तरीय र छिटो छरितो वनाउन अस्पताललाई भौतिक एवम् मानवीय श्रोत साधन सम्पन्न तुल्याउन आवश्यक व्यवस्था गरिनेछ ।
- निजामती प्रशासन समय सापेक्ष, अन्तर्राष्ट्रिय चुनौतीहरुको सामना गर्न सक्ने, संसारका अन्य देशको निजामती प्रशासनसंग प्रतिस्पर्धा गर्न सक्ने वनाउने खालका कार्यक्रम गरिनेछन् ।
- निजामती सेवालाई प्रतिनिधिमूलक वनाउने, समावेशी वनाउने, भर्ना, नियुक्ति, पदोन्नती जस्ता व्यवस्थालाई वैज्ञानिक, योग्यता प्रणालीमुलक तथा अनुशासनयोग्य वनाउनको लागि विद्यमान निजामती सेवा ऐन नियममा परिमार्जन गरिनेछ ।
- संठनात्मक र संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् ।
- अन्तरिम संविधानले परिलक्षित गरेको समावेशी प्रजातन्त्र र विकेन्द्रित संघिय शासन व्यवस्था अनुरुप रहने गरी निजामती सेवाको सम्भावित स्वरुपवारे अध्ययन गरिनेछ ।
- निजामती कर्मचारीलाई आवास र निजामती कर्मचारीका छोराछोरीलाई सुलभ रुपमा शिक्षा आर्जन गर्न निर्ब्याजी ऋृणको व्यवस्था  गरिनेछ ।
- सामान्य प्रशासन मन्त्रालयले आ.व. ०६६।०६७ मा अध्ययन गराएको आधारमा निजामती कर्मचारीहरुका लागि यस योजना भित्रै औषधि उपचार वीमा व्यवस्था लागू गरिनेछ ।

**उद्देश्य २ संग सम्वन्धित**

- सरकारी काम कारवाही, सेवा सुविधा तथा सम्पादित कामलाई सेवाग्राहिको प्रत्यक्ष निगरानी, अनुगमन, मूल्याङ्कनको दायरामा ल्याउने संस्थागत तथा संरचनागत व्यवस्था गर्दै त्यस सम्वन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- जनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यहरु सम्पादन गर्न स्थानीय तहमा पर्याप्त अधिकार प्रदान गर्न सम्वन्धित कानूनहरूमा परिमार्जन गरिनेछ ।
- सेवा निवृत्त कर्मचारीहरुको विशेषज्ञताको उपयोग सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय विकास मन्त्रालयले तयार गरेको विकेन्द्रिकरण कार्यान्वयन योजना परिमार्जन गरी पूर्ण विकेन्द्रिकरण गरिनेछ ।
- कर्मचारी सूचना प्रणालीको अनलाईन प्रयोग गर्न सम्वन्धीत निकायसंग समझदारी पत्र (MOU) को अवधारणा अनुरुप कार्य गर्ने ।

- निजामती किताबखाना, शिक्षक किताबखाना, प्रहरी किताबखाना र न्याय परिषदहरुमा हाल भै रहेको अभिलेख सम्वन्धी अध्ययन गरी एकीकृत किताबखानाको अवधारणा तयार गरिनेछ ।
- निजामती किताबखानामा नमूनाको रुपमा केन्द्रीय फाइलिङ्ग र सूचना प्रणालीको विकास गरिनेछ ।
- चरणवद्ध रुपमा स्थायी विद्युतीय परिचयपत्र वितरण तथा पहुंच व्यवस्थापनको स्थापना गरिनेछ ।

**उद्देश्य ३ संग सम्वन्धित**

- नागरिक प्रशासन र यसका कामकारवाहीका विषयमा आम जनतालाई सुसुचित गराउने एवमे सार्वजनिक निकायका काम कारवाहीहरुलाई पारदर्शि वनाई सुधारको लागि रचनात्मक पृष्ठपोषण लिने उदेश्यले रेडियो, टिभिवाट विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।
- निजामती सेवामा कार्यरत कर्मचारीहरुको सेवा, समूह अनुसार आचार संहिता वनाइ लागु गरिनेछ ।
- नागरिक सुनवाई कार्यक्रमलाई अझै विस्तार र प्रभावकारी  वनाईनेछ ।
- तोकिएको समय, गुणस्तर, परिमाण र मूल्यमा सेवा उपलव्ध नभएमा क्षतीपुर्ति सहितको नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

१०. अनुमानित बजेट (**Estimated Budget**)

रु.करोडमा

| क.सं. | कार्यक्रमहरु | वजेट |
|---|---|---|
| १ | निजामती प्रशासनको संस्थागत क्षमता तथा संरचना सुदृढिकरण गर्ने | |
| २ | विद्युतिय शासन प्रणाली लागु गर्ने | |
| ३ | निजामती कर्मचारीको कार्यसम्पादन मूल्यांकनमा सुधार | |
| ४ | निजामती कर्मचारी क्षमता अभिवृद्धिका लागि स्वदेशी एवं वैदेशिक तालिम कार्यक्रम | |
| ५ | अनुगमन तथा मुल्यांकन कार्यक्रम | |
| ६ | निजामती कर्मचारीका लागि सामाजिक सुरक्षा कार्यक्रमहरु सञ्चालन गर्ने | |
| ७ | संघीयतामा निजामती प्रशासनको स्वरुपबारे अध्ययन | |
| ८ | निजामती कर्मचारी अस्पतालको सुदृढीकरण | |
| ९ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली | |
| १० | नीतिगत तथा कानूनी सुधार | |
| ११ | केन्द्रीय फाईलिङ प्रणाली तथा एकिकृत अभिलेख व्यवस्थापन | |
| १२ | विद्युतीय परिचय पत्र | |
| १३ | साप्ताहिक टिभी रेडियो कार्यक्रम | |
| १४ | आचार संहिताको निर्माण | |
| १५ | नागरिक सुनुवाई कार्यक्रम | |
| १६ | क्षतिपूर्ति सहितको नागरिक वडापत्र | |

११.अपेक्षित उपलब्धीहरुः

१. शासकीय कार्य सम्पादन सम्वन्धि विद्यमान ऐन नियममा सुधार भएको हुनेछ ।

२. भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय महासन्धिको अनुमोदन र कार्यान्वयन भएको हुनेछ ।

३. विद्युतीय शासन सम्वन्धि निर्देशिकाको तर्जुमा र कार्यान्वयन भई विद्युतीय शासन प्रणालकिो क्रमिक रुपमा विस्तार भएको हुनेछ ।

४. निजामती कर्मचारीलाई दिईने तालिमको गुणस्तर र पाठ्यक्रममा सुधार भएको हुनेछ ।

५. सार्वजनिक सेवाको प्रवाह सरल र पारदर्शि भएको हुनेछ ।

६. प्रशासनिक संगठन र दरवन्दिमा सुधार भएको हुनेछ ।

७. दरवन्दि श्रृजना, नियुक्ति, पदस्थापना, सरुवा, वढुवा, प्रशिक्षण लगायतका कार्यहरु मानव संशाधन व्यवस्थापनका आधारभूत मान्यता अनुरुप पारदर्शी र पुर्वानुमान योग्य भएको हुनेछ ।

८. कार्य सम्पादन मुल्यांकन प्रणलीमा मापनयोग्य सुचकहरुको पहिचान र प्रयोग भएको हुनेछ ।

९. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु भएको हुनेछ ।

## १२. मान्यता र जोखीमहरु (**Assumptions and Risks**)

१ राजनैतिक स्थिरता र प्रतिबद्धता प्राप्त भएको हुनेछ ।

२. शासकीय कार्य संपादनसँग सम्बन्धित नीति एवं कानूनी व्यवस्थाको आवश्यकता अनुसार तर्जुमा र सुधार भएको हुनेछ ।

३ मानव संशासन विकासका लागि तयार गरिने तालिम तथा अध्ययत अनुसन्धान संबन्धी कार्यमा सहयोग गर्ने संस्थागत पूर्वाधार तर्फ सुधार भएको हुनेछ ।

४. अपेक्षित उपलब्धिहरु हासिल गर्न आवश्यक पर्ने श्रोत साधनहरुको व्यवस्था भएको हुनेछ ।

५. संविधान समयमै जारी हुनेछ ।

६. अन्तरिम संविधानले ग्यारेन्टी गरेको विषय, संघीयता निर्माण हुनेछ ।

७. कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु भएको हुनेछ ।

८. जवाफदेहिता नभएको काम कारवाहमिा संलग्न हुनेलाई आचार संहिता उल्लंघन गरेको मानिने हुंदा आचार संहिता उल्लंघन हुने छैन ।

९. मानव अधिाकारको संरक्षण र सम्वर्द्धनमा विशेष जोड दिईएको हुनेछ ।

## १३. कार्यान्वयन संयन्त्र (**Implimentation Mechanism**)

| सि.नं. | **कार्यक्रम** | जिम्मेवार निकाय | सहयोगी निकाय | **वजेट** | **समयावधि** |
|---|---|---|---|---|---|
| १ | निजामती प्रशासनको संस्थागत क्षमता तथा संरचना सुदृढिकरण गर्ने | सामान्य प्रशासन मन्त्रालय | सवै मन्त्रालय तथा निकायहरु | | |
| २ | विद्युतिय शासन प्रणाली लागु गर्ने | सवै मन्त्रालयहरु | विज्ञान तथा प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय | | |
| ३ | निजामती कर्मचारीको कार्यसम्पादन मूल्यांकनमा सुधार | सामान्य प्रसाशन मन्त्रालय | कानून तथा न्याय मन्त्रालय, सवै मन्त्रालय | | |
| ४ | निजामती कर्मचारी क्षमता अभिवृद्धिका लागि स्वदेशी एवं वैदेशिक तालिम कार्यक्रम | सामान्य प्रशासन मन्त्रालय, सवै मन्त्रालय तथा निकायहरु | सवै मन्त्रालयहरु | | |
| ५ | अनुगमन तथा मुल्यांकन कार्यक्रम | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, सामान्य प्रशासन मन्त्रालय | सवै मन्त्रालय तथा निकायहरु | | |
| ६ | निजामती कर्मचारीका लागि सामाजिक सुरक्षा कार्यक्रमहरु सञ्चालन गर्ने | सामान्य प्रशासन मन्त्रालय | प्र.म.तथा म.प.को कार्यालय, अर्थ मन्त्रालय | | |
| ७ | संघीयतामा निजामती प्रशासनको स्वरुपबारे अध्ययन | प्रशासन पुनःसंरचना आयोग | सामान्य प्रशासन मन्त्रालय, सवै मन्त्रालय तथा निकायहरु | | |
| ८ | निजामती कर्मचारी अस्पतालको सुदृढीकरण | सामान्य प्रशासन मन्त्रालय | अर्थ मन्त्रालय | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली | सवै मन्त्रालय तथा निकायहरु | सवै मन्त्रालय तथा निकायहरु | | |
| १० | नीतिगत तथा कानूनी सुधार | सम्बन्धित सवै मन्त्रालयहरु | सवै मन्त्रालय तथा निकायहरु | | |
| ११ | केन्द्रीय फाईलिङ प्रणाली तथा एकिकृत अभिलेख व्यवस्थापन | निजामती कितावखाना, प्रहरी कितावखाना, शिक्षा कितावखाना, न्याय परिषद | सम्बन्धित सवै मन्त्रालय तथा निकायहरु | | |
| १२ | विद्युतीय परिचय पत्र | सम्बन्धित मन्त्रालय एवं निकायहरु | निज्ञान तथा प्रविधि मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय अर्थ मन्त्रालय | | |
| १३ | साप्ताहिक टिभी रेडियो कार्यक्रम | सामान्य प्रशासन मन्त्रालय | सूचना तथा सञ्चार मन्त्रालय अर्थ मन्त्रालय | | |
| १४ | आचार संहिताको निर्माण | सम्बन्धित सवै मन्त्रालयहरु | प्र.म. तथा म.प. को कार्यालय, सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय | | |
| १५ | नागरिक सुनुवाई कार्यक्रम | सम्बन्धित कार्यालयहरु | सम्बन्धित मन्त्रालय एवं निकायहरु | | |
| १६ | क्षतिपूर्ति सहितको नागरिक वडापत्र | सम्बन्धित कार्यालयहरु | सम्बन्धित मन्त्रालय एवं निकायहरु | | |

१४. **अनुगमन र मूल्याङ्कन (Monitoting & Evaluation)**

- मन्त्रालय, विभाग, कार्यालयहरुमा अनुगमन मुल्यांकन समितिहरु गठन गरिनेछ ।
- विद्युतिय सूचना प्रणाली मार्फत अनुगमन गरिनेछ ।
- सम्वन्धित मन्त्रालय, विभाग तथा कार्यालयहरुलाई मुख्य जिम्मेवार वनाईनेछ ।
- अनुगमन तथा मुल्यांकन प्रणालीमा सरोकारवालाहरुलाई संलग्न गरिनेछ ।
- आवश्यकतानुसार केन्द्रिय तथा स्थानीय तहमा समन्वय समितिहरु गठन गरिनेछ ।
- चौमासिक तथा वार्षिक रुपमा निरन्तर अनुगमन गरिनेछ भने वार्षिक/मध्यावधि/अन्तिममा मुल्यांकन गरिनेछ ।

१५. सोंच तालिका (**Log Frame**):

| सि.नं. | उदेश्य | रणनीति | सूचक | जानकारी को श्रोत | प्रमुख कार्यक्रमहरु | अनुमानीत तथा जोखिम |
|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकनको कार्यलाई प्रभावकारी बनाई राजनैतिक दलहरुका क्रियाकलापहरुमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी राजनैतिक दलहरु, सार्वजनिक प्रशासन, न्याय प्रशासन, सवै सुरक्षा निकायलाई स्वच्छ, पारदर्शी, परिणाममुखी, समावेशी, जनमुखी एवम् संघीयता, सेवामुलक विकेन्द्रिकरण तथा सार्वजनिक प्रशासनको क्षेत्रमा आएका नयाँ मूल्य र मान्यताहरुलाई आत्मसात गरी जुनसुकै प्रकारका चुनौतिहरुको सामना गर्न सक्ने तुल्याउने । | १.१ राजनीतिक क्षेत्र र प्रशासनिक क्षेत्र वीचको सम्वन्धलाई स्पष्ट रुपले परिभाषित गरी प्रशासनिक प्रक्रिया र कार्यलाई स्वच्छ ,सरल, छिटो छरितो पारदर्शि,सहभागितामूलक स्पष्ट पुर्वानुमानयोग्य बनाएर जनताले सुशासनको अनुभुति गर्ने अवस्थाको श्रृजना गर्नका लागि आवश्यक कानुनी र संस्थागत सुधार कसरी गर्ने आधार तयार गर्ने ।<br>१.२ सम्पुर्ण वर्ग र समुदायका योग्य तथा ईच्छुक व्यक्तिहरुलाई सेवा प्रवेशका लागि समान अवसरहरु उपलब्ध गराउने व्यवस्था मिलाएर सार्वजनिक सेवालाई समावेशी वनाउने ।<br>१.३. सार्वजनिक नीतिको तर्जुमा , कार्यान्वयन र मूल्यांकन प्रक्रियालाई प्रभावकारी बनाउनका निम्ति प्रशासनिक क्षमताको विकास गर्ने<br>१.४. कर्मचारीको कामको मुल्यांकनलाइ वस्तुगत वनाएर कर्मचारीलाई कामका आधारमा दण्ड र पुरस्कार दिने नीतिको कार्यान्वयनलाई प्रभावकारी | • ऐन ,नियममा सुधार भएको हुने<br>• लोक सेवा आयोगको पाठ्यक्रमा सुधार भएको हुने<br>• सार्वजनिक सेवा समावेशी भएको हुने<br>• संस्थागत संरचना छरितो भएको हुने<br>• सरुवा, बढुवा तथा तलब नीति बनेको हुने<br>• तालिम प्राप्त जनशक्तिको एकिन संख्या<br>• सेवा प्रवाहमा प्रभावकारिता<br>• सेवाग्राहीको सन्तुष्टि अभिवृद्धि हुने<br>• सेवा प्रवाहमा लागत घट्ने<br>• सेवा प्रवाहमा गुणस्तर र लगनशिलता वढ्ने<br>•<br>• कार्य प्रकेया, सूचना प्राप्त हुने<br>• अनावश्यक दरवन्दि खारेज तथा अनावश्यक | मन्त्रालय, निकाय कार्यालयका Website हरु | • निजामती कर्मचारीहरुलाई काममा उत्प्रेरित गर्न तथा निजामती सेवामा प्रतिभावान् व्यक्तिलाई आकर्षण गर्न शिक्षा, स्वास्थ्य, आवास लगायतका कार्यक्रमहरु संचालन गर्दै निजामती कर्मचारीहरुमा सामाजिक सुरक्षा (social securitity) को प्रत्याभूति हुने खालका कार्यक्रमहरु संचालन गरिनेछन् ।<br>• निजामती कर्मचारीहरुको कार्यकुशलतामा वृद्धि गर्न तथा नयां नयां सीप प्रविधिवाट उनीहरुलाई सक्षम वनाउन सवैलाई तालीम (Training for all) दिने तथा निश्चित अन्तरालमा पुनर्ताजगी तालिम संचालनमा जोड दिइनेछ ।<br>• निजामती कर्मचारीहरु प्रत्येकले आफ्नो पदमा रहि गर्नुपर्ने कामको कार्य विवरणलाई संघियताको सन्दर्भमा परिमार्जन गर्ने, कार्य सम्पादनलाई कर्मचारीको विकास तथा वृत्ति विकासमा आवद्ध गर्ने, सेवाग्राहीहरुवाट समेत मूल्याङ्कन हुन सक्ने लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।<br>• निजामती कर्मचारीहरुको कार्य वातावरण (working Environment) कार्य संस्कृती ( working culture) कार्य प्रवृत्ति ( Working attitude) लाई सेवाग्राही उन्मुख वनाउने कार्य सम्पादनमा आधारित | कार्यालयमा प्रयोग हुने अवस्था र लागत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वनाउने<br>१.५ कर्मचारीको नियुक्ति पदस्थापन सरुवा, वढुवा तथा तलव सुविधाको निर्धारण समेतका मानव श्रोत व्यवस्थापनका विभिन्न पक्षहरुलाई पुर्वानुमान योग्य , विधिसम्मत उत्प्रेरणाका आधारभुत मान्यता अनुरुप वनाउनका लागि आवश्यक सुधार गर्ने<br>१.६. राजनीतिक दलहरुको आर्थिक क्रियाकलाप पारदर्शी वनाइनेछ । | दरवन्दि थप श्रृजना भई संगठनको कार्य सम्पादनमा सुधार भएको हुने | | प्रोत्साहन प्रणाली (PBIS) सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।<br>● निजामती अस्पतालवाट प्रदान हुने सेवालाई गुणस्तरीय र छिटो छरितो वनाउन अस्पताललाई भौतिक एवम् मानवीय श्रोत साधन सम्पन्न तुल्याउन आवश्यक व्यवस्था गरिनेछ ।<br>● निजामती प्रशासन समय सापेक्ष, अन्तर्राष्ट्रिय चुनौतीहरुको सामना गर्न सक्ने, संसारका अन्य देशको निजामती प्रशासनसंग प्रतिस्पर्धा गर्न सक्ने वनाउने खालका कार्यक्रम गरिनेछन् ।<br>● निजामती सेवालाई प्रतिनिधिमूलक वनाउने, समावेशी वनाउने, भर्ना, नियुक्ति, पदोन्नती जस्ता व्यवस्थालाई वैज्ञानिक, योग्यता प्रणालीमुलक तथा अनुशासनयोग्य वनाउनको लागि विद्यमान निजामती सेवा ऐन नियममा परिमार्जन गरिनेछ ।<br>● संठनात्मक र संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् ।<br>● अन्तरिम संविधानले परिलक्षित गरेको समावेशी प्रजातन्त्र र विकेन्द्रित संघिय शासन व्यवस्था अनुरुप रहने गरी निजामती सेवाको सम्भावित स्वरुपवारे अध्ययन गरिनेछ ।<br>● निजामती कर्मचारीलाई आवास र निजामती कर्मचारीका छोराछोरीलाई सुलभ रुपमा शिक्षा आर्जन गर्न निर्व्याजी ऋृणको व्यवस्था गरिनेछ ।<br>● सामान्य प्रशासन मन्त्रालयले आ.व. ०६६।०६७ मा अध्ययन गराएको आधारमा निजामती | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | कर्मचारीहरुका लागि यस योजना भित्रै औषधि उपचार वीमा व्यवस्था लागू गरिनेछ । | |
| २ | नागरिक प्रशासनका क्षेत्रमा नागरिक सेवा सुविधालाई अधिकारका रुपमा स्थापित गराउदै सार्वजनिक सेवामा सेवाग्राही जनताको ईच्छालाई सर्वोपरि प्राथमिकता दिन सरल, सुलभ, चुस्त, गुणस्तरीय, सहभागितामूलक र पुर्वानुमानयोग्य सेवा प्रवाहमा जोड दिने । | २.१.सुरक्षा र न्यायसंग सम्वन्धित सवै निकायलाई व्यवसायिक, निष्पक्ष विधीसम्मत सेवा र न्याय दिने कार्यमा सक्षम, उत्प्रेरीत प्रभावकारी वनाई जनतालाई दिएको सेवाको विश्वासनीयतामा अभिवृद्धि गर्ने गरी छिटो छरितो सेवा प्रदान गरिनेछ ।<br>२.२ नागरिक प्रशासनका सवै निकायहरुवाट प्रदान हुने सेवालाई व्यवसायकि रुपमा अगाडी वढाउन सार्वजनिक सेवा प्रवाहमा एकरुपता, विश्वासनीयता र विधिसम्मत प्रकृया मार्फत कार्य संस्कृति र कार्य प्रणालीको विकास मार्फत जनताका सेवालाई जनताको घर घरमा पुऱ्याउने परिपाटीको थालनी गरीनेछ ।<br>२.३. सरकारका सवै निकायहरुवाट प्रवाह गरिने सेवालाई सुरक्षा जस्ता विषय तथ्यांकमा आवद्ध गर्न Net Working गर्दै एकीकृत तथ्यांक प्रणालीको विकास गरिनेछ । यसवाट समाजमा हुने वेथितिलाई सूचनामार्फत नियन्त्रण गरी Information system मा जोड दिईने छ ।<br>२.४ कागज रहित सरकारको | • सेवाग्रहीले प्रयोग गरेको संख्या<br>• IT वाट सम्पन कार्यको संख्या<br>• सञ्जाल स्थापना भएको हुने<br>• सरकारी कार्यहरु कम्प्यूटरवाट भएको हुने<br>• अधिकार हस्तान्तरण भएको हुने<br>• समान सूचना प्रणालीको विकास<br>• स्थायी विद्युतीय परिचय पत्रको प्रयोग<br>• सेवानिवृत्त कर्मचारीहरुको विशेषज्ञता र अनुभवनको उपयोग भएको हुनेछ । | मन्त्रालय, कार्यालयका Website हरु निजामतीको कितावखानाको अभिलेख तथा सम्वन्धित निकायको वार्षिक प्रगति प्रतिवेदन निजामती कितावखाना, शिक्षक कितावखाना, प्रहरी कितावखाना, न्याय परिषद् र सम्वन्धीत मन्त्रालयहरु | ● सरकारी काम कारवाही, सेवा सुविधा तथा सम्पादित कामलाई सेवाग्राहिको प्रत्यक्ष निगरानी, अनुगमन, मूल्याङ्कनको दायरामा ल्याउने संस्थागत तथा संरचनागत व्यवस्था गर्दै त्यस सम्वन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ ।<br>● जनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यहरु सम्पादन गर्न स्थानीय तहमा पर्याप्त अधिकार प्रदान गर्न सम्वन्धित कानूनहरूमा परिमार्जन गरिनेछ ।<br>● सेवा निवृत्त कर्मचारीहरुको विशेषज्ञताको उपयोग सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।<br>● स्थानीय विकास मन्त्रालयले तयार गरेको विकेन्द्रिकरण कार्यान्वयन योजना परिमार्जन गरी पूर्ण विकेन्द्रिकरण गरिनेछ ।<br>● कर्मचारी सूचना प्रणालीको अनलाईन प्रयोग गर्न सम्वन्धीत निकायसंग समझदारी पत्र (MOU) को अवधारणा अनुरुप कार्य गर्ने ।<br>● निजामती कितावखाना, शिक्षक कितावखाना, प्रहरी कितावखाना र न्याय परिषदहरुमा हाल भै रहेको अभिलेख सम्वन्धी अध्ययन गरी एकीकृत कितावखानाको अवधारणा तयार गरिनेछ ।<br>● निजामती कितावखानामा नमूनाको रुपमा केन्द्रीय फाइलिङ्ग र सूचना प्रणालीको विकास गरिनेछ ।<br>● चरणवद्ध रुपमा स्थायी विद्युतीय परिचयपत्र वितरण तथा पहुंच | लागत वृद्धि, वजेट व्यवस्थापन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | निर्माण र सन्चालन गर्ने दीर्घकालिन उदेश्य लिएर प्रशासनिक निकायहरुको कामकारवाहीमा विद्युतीय शासन पद्धतिका प्रकृयाहरु क्रमश: प्रयोग गर्दै जाने<br>२.५. गुणस्तरीय सार्वजनिक सेवा निष्पक्ष ,सहज एवम विधिसम्मत ढंगले समयमै लक्षित समुदायले पाउने अवस्था सुनिश्चित हुने गरी सार्वजनिक सेवाको प्रवाहलाई स्वच्छ , पारदर्शि र प्रभावकारी वनाउने<br>२.६. सर्वसाधारण जनताको सवभन्दा नजिकको निकायले गर्न सक्ने काम सोही निकायले गर्न पाउने गरी प्रशासनिक अधिकारको प्रत्यायोजन (निक्षेपण) गर्ने<br>२.७. प्रशासनिक एवम विकाश कार्यहरुको अनुगमन तथा मूल्यांकन प्रकृयालाई परिणाममुखी र प्रभावकारी वनाउने ।<br>२.८ सार्वजनिक सेवा र वस्तुको गुणस्तर निर्धारण, उत्पादन र वितरणको कार्यमा संलग्न निजी, सहकारी एवं गैर सरकारी र नागरिक समाजका संस्थाहरुको नियमन, अनुगमन तथा क्षमता विकास गर्ने<br>२.९. सार्वजनिक निर्माण र सार्वजनिक सेवा प्रदान गर्ने कार्यलाई व्यवस्थित, प्रतिस्पर्धी | | | व्यवस्थापनको स्थापना गरिनेछ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पारदर्शी र उत्तरदायी वनाइने ।<br>२.१०. स्थानीय निकायहरुलाई सुदृढ र पारदर्शी वनाई यी निकायहरुमा कामलाई जनमुखी, उत्तरदायी र विकासमूलक वनाइनेछ । | | | | |
| ३ | सवै किसिमका भ्रष्टाचारजन्य क्रियाकलापहरुको नियन्त्रण, दण्डहिनताको अन्त्य र मानव अधिकारको संरक्षण, सम्वर्धन र परिपालन गर्दै नैतिकवान्, सुसंस्कृत र मानव अधिकार मैत्री समाजको निर्माण गर्ने । | ३.१ मानव अधिकार, अन्तराष्ट्रिय सन्धि सम्झौता ,संवीधानको संरक्षण, सम्वर्द्धन र सम्मान हुने कार्य प्रकृति र संस्कृतिको विकास मार्फत नागरिक प्रशासनलाई अन्तराष्ट्रिय प्रतिवद्धताका विषयमा जोड दिईने छ ।<br>३.२. भ्रष्टाचार विरुद्धको मौजुदा नीति र कानूनमा समसामयिक सुधार गरी प्रभावकारी कार्यान्वयन एवम् संस्थागत क्षमताको अभिवृद्धि गरिनेछ ।<br>३.३.भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय महासन्धि मार्फत अन्तराष्ट्रिय समुदायले व्यक्त गरेको प्रविद्धता अनुरुप हुने गरि भ्रष्टाचार नियन्त्रण सम्वन्धि कानूनी व्यवस्था र प्रशासनिक संरचनाको सुदृढीकरण र सुधार गर्ने | • जनतालाई दिईएको सेवाको स्तरमा वृद्धि<br>• कर्मचारीको कार्यालयमा उपस्थिती दर उच्च हुनेछ<br>• जनगुनासो कम हुनेछ<br>• कार्यसम्पादन प्रगति वढने५<br>• सार्वजनिक संचार माध्यमको प्रयोग गर्ने गराई जनतामा सकारात्मक सन्देश प्रवाह हुनेछ<br>• अपारदर्शिक कृयाकलाप घटने | मन्त्रालय, कार्यालयका Website हरु जनताहरु | • नागरिक प्रशासन र यसका कामकारवाहीका विषयमा आम जनतालाई सुसुचित गराउने एवमे सार्वजनिक निकायका काम कारवाहीहरुलाई पारदर्शि वनाई सुधारको लागि रचनात्मक पृष्ठपोषण लिने उदेश्यले रेडियो, टिभिवाट विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।<br>• निजामती सेवामा कार्यरत कर्मचारीहरुको सेवा, समूह अनुसार आचार संहिता वनाइ लागु गरिनेछ ।<br>• नागरिक सुनवाई कार्यक्रमलाई अझै विस्तार र प्रभावकारी वनाईनेछ ।<br>• तोकिएको समय, गुणस्तर, परिमाण र मूल्यमा सेवा उपलव्ध नभएमा क्षतीपुर्ति सहितको नागरिक वडापत्रको व्यवस्था गरिनेछ । | गुणस्तर मापनमा कठिनाई |